नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-२०७८/०७९

चलानी नं.:- २२४

मितिः- २०७८/११/१०

श्री स्थानीय तह (सबै)।

विषयः- क्षतिपुर्ति सम्वन्धमा।

प्रस्तुत विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको च.नं. १९२ मिति २०७८/११/०३ को स्थानीय तहहरुलाई पत्राचार गरिदिने सम्बन्धी पत्र र सो पत्रसाथ प्राप्त सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयको च.नं. ३०७ मिति २०७८/१०/२५ को आदेश कार्यान्वयन सम्बन्धी पत्र संलग्न छ। विस्तृत व्यहोरा पत्रबाटै अवगत गरी सोही बमोजिम गर्ने/गराउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ।

२०७८/११/१०

चिरञ्जीवी नेपाल

शाखा अधिकृत

बोधार्थ:

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखा:-E-mail मार्फत जानकारी गराइदिनु हुन।

प्रशासन / कृषि विकास शाखा

आवश्यक जानकारीका लागि सबै वडा कार्यालयहरूमा पत्राचार गर्नु ढुंगा साथै यस कार्यालयको website मा सर्वोच्च अदालतको आदेश पत्र सम्मानित अपलोड गराउनु हुन।

७८/११/१८

कन्चनकवल गाउँपालिका
बाँसबारी, झापा
दर्ता नं. ४३०९
मिति २०७८/११/१८

Scanned with CamScanner

फोन नं. : ४२११९१५
४२११८२७
फ्याक्स नं. : ४२११८३९
४२११९३५

नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## कृषि तथा पशुपन्छी व्यवसाय प्रर्वद्धन महाशाखा

सिंहदरबार, काठमाण्डौ
नेपाल

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ३८३९
दर्ता मिति:- ११/५

पत्र संख्या : ०७८/७९
च.नं. : ९५२

मिति: २०७८/११/०३

विषय: स्थानीय तहहरुलाई पत्राचार गरिदिन हुन ।

श्री संघीय मामिला महाशाखा
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार काठमाण्डौ ।

उपरोक्त सम्वन्धमा सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयको यसै पत्रसाथ संलग्न च.नं. ३०७, मिति २०७८/१०/२५ को पत्रानुसार सर्वोच्च अदालतबाट कृषि तथा पशुपन्छी विकास मन्त्रालय समेत विपक्षी रहेको मुद्दामा वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका २०६९ मा बाँदर वाहेक हात्ति, गैंडा, बाघ, भालु र चितुवा लगायत ११ प्रकारका वन्यजन्तुले मानवीय क्षति अन्तर्गत सामान्य घाईते, सख्त घाइते, मृत्यु गराएमा, पशु धनको क्षति, भण्डारण गरेको अन्नको क्षति, घर गोठको क्षति र खाद्यान्न वालीको क्षति भएमा राज्यले क्षतिपूर्ति दिने व्यवस्था गरेको तर त्यस्तै प्रकृति र स्वभावको वन्यजन्तु वानरले क्षति पुर्याएमा क्षतिपुर्ति नदिने असमान व्यवहार देखिन गएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालय लगायत विपक्षीका नाममा बाँदरले कृषकलाई पुर्याएको हानी नोक्सानी वापत क्षतिपुर्ति पाउने व्यवस्था थप गर्न निर्देशनात्मक आदेश जारी भएको व्यहोरा उल्लेख भएको छ । क्षतिपुर्ति र राहत सम्वन्धि कार्य स्थानीय तहको कार्यक्षेत्रमा समेत पर्ने भएकोले स्थानीय तहको कार्यक्षेत्रमा पर्ने विषयहरुमा कार्यविधि तथा निर्देशिका बनाउँदा वन्यजन्तुहरुले गरेका क्षतिको क्षतिपुर्ति सम्वन्धी विषयहरुमा बाँदरबाट हुने क्षतिमा समेत क्षतिपुर्तिको प्रावधानको व्यवस्था गर्नका लागि सबै स्थानीय तहहरुलाई पत्राचार गरिदिनहुन निर्देशानुसार अनुरोध छ ।

लेखराज ढकाल
कृषि प्रसार अधिकृत

Scanned with CamScanner

सर्वोच्च अदालत

# फैसला कार्यान्वयन निर्देशनालय

२०६६

बबरमहल काठमाडौं
फोन नं.: ०१-४२५९६०२
०१-४२४८२५१
वेबसाइट: www.supremecourt.gov.np
इमेल: jed@supremecourt.gov.np

पत्र संख्या : ०७८।०७९
चलानी नं.: ३०७

मिति २०७८/१०/२५

विषयः आदेश कार्यान्वयन सम्बन्धमा ।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
(कानून तथा फैसला कार्यान्वयन महाशाखा) सिंहदरवार ,काठमाण्डौं ।
श्री वन तथा वातावरण मन्त्रालय,
(कानून तथा फैसला कार्यान्वयन शाखा) सिंहदरवार ,काठमाण्डौं ।
श्री कृषि तथा पशुपंछी विकास मन्त्रालय
(कानून तथा फैसला कार्यान्वयन शाखा) सिंहदरवार ,काठमाण्डौं ।
श्री स्वास्थय तथा जनसंख्या मन्त्रालय
(कानून तथा फैसला कार्यान्वयन शाखा) सिंहदरवार ,काठमाण्डौं ।

उपरोक्त सम्बन्धमा निवेदक ठाकुर प्रसाद सुवेदी विपक्षी श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत भएको०७३-WO-०२५४ को परमादेश समेत मुद्दामा सम्मानित श्री सर्वोच्च अदालतबाट मिति २०७४/१२/१९ मा भएको आदेशको प्रतिलिपी प्राप्त भई व्यहोरा हवगत भएकै होला । आदेश कार्यान्वयनका सम्बन्धमा यस निर्देशनालयको च.नं. ४३८ मिति २०७६/१०/२७ मा तँहा कार्यालय/मन्त्रालयहरुमा पत्र पठाइको हुँदा हालस्म कुनै जवाफ प्राप्त नभएकोले पुनः यो ताकेता पत्र लेखिदैछ

अतः सम्मानित श्री सर्वोच्च अदालतबाट भएको उल्लेखित आदेशमा "....बादर बाहेक हात्ति. गैंडा, बाघ, भालु र चितुवा जस्ता ११ प्रकारका वन्यजन्तुले मानवीय क्षति अन्तर्गत सामान्य घाईते , सख्त घाइते, मृत्यु गराएमा,पशु धनको क्षति,भण्डारण गरेको अन्नको क्षति, घर गोठको क्षति र खाद्यान्न बालीको क्षति भएमा राज्यले क्षतिपुर्ति दिने व्यवस्था गरेको देखिन्छ ।यसरी उक्त राहत निर्देशिकामा हात्ति, गैंडा, बाघ, भालु र चितुवा जस्ता ११ प्रकारका वन्यजन्तु समावेश भै ती वन्यजन्तुले पुर्याएको क्षतिमा क्षतिपुर्ति दिने र त्यस्तै प्रकृति र स्वभावको वन्यजन्तु वानरले क्षति पुर्याएमा क्षतिमा क्षतिपुर्ति नदिने भन्दा समान अवस्थामा असमान व्यवहार हुने देखिन आयो । त्यस आधारमा हेर्दा राज्य जनावर (Animal) को पनि keeper हो । राज्य जनावरको Keeper को दायित्वबाट पछि हट्न मिल्दैन । तसर्थ वन्यजन्तुबाट हुने क्षतिको राहत कोष निर्देशिका, २०६९ मा बादरले कृषकलाई पुर्याएको हानि नोक्सानी वापत क्षतिपुर्ति पाउने व्यवस्था थप गर्न लागि विपक्षी श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, जनसंख्या तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय र कृषि तथा पशुपंछी विकास मन्त्रालय को नाममा निर्देशनात्मक आदेश जारी गरीदिएको देखिन्छ..."। भन्ने समेत व्यहोराको आदेश भएको देखिन्छ।

अतः श्री सर्वोच्च अदालतबाट मिति २०७४/१२/१९ मा भएको उपरोक्तानुसारको आदेश कार्यान्वयन का काम कारवाहीहरु के कुन अवस्थामा रहेको छ? उक्त आदेश कार्यान्वयन भएको छ, छैन? सम्पुर्ण विवरण खुलाई सो को जानकारी यस निर्देशनालयमा पठाइदिनु हुन निर्देशानुसार अनुरोध छ।

पुष्पराज तिमल्सिना
शाखा अधिकृत

शाखा अधिकृत

Scanned with CamScanner